वस्तुगत प्रश्नोत्तर

१. एभिएसनसँग सम्बन्धित वेलायतको स्काई ट्रयाक्स नामक संस्थाका अनुसार सन् २०२३ मा विश्वकै उत्कृष्ट एयरलायन्स कुन बनेको छ ?

➢ सिङ्गापुर एयरलायन्स

– यो सँगै सिङ्गापुर एयरलायन्स सञ्चालनको २३ वर्षमा पाँचौँ पटक विश्वकै उत्कृष्ट एयरलायन्स बन्न सफल भएको।

विश्वका उत्कृष्ट दस एयरलायन्स :

सन्	एयरलायन्स	देश
१.	कतार एयरलायन्स	कतार
२.	अल निप्पोन एयरलायन्स	जापान
३.	इमिरेट्स	युएई
४.	जापान एयरलायन्स	जापान
५.	टर्किस एयरलायन्स	टर्किए
६.	एयर फ्रान्स	फ्रान्स
७.	क्याथी प्यासिफिक	हङकङ
८.	इभा एयर	ताइवान
९.	कोरियन एयर	द. कोरिया

२. सुदूरपश्चिम प्रदेशको पहिलो पूर्ण खोप सुनिश्चित घोषित जिल्ला कुन हो ?

➢ डोटी

– विसं २०८० असार ४ मा जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको।

३. चार राजनीतिक पार्टीको समाजवादी मोर्चा घोषणा कहिले गरिएको हो ?

➢ विसं २०८० असार ४

– चार दलले सङ्घीयता, लोकतन्त्र, सुशासन, समृद्धि र आर्थिक-सामाजिक न्यायसहितको नेपाली विशेषताको समाजवाद स्थापना गर्ने प्रमुख उद्देश्यका साथ मोर्चा बनाइएको बताएका।

– नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी र नेपाल कम्युनिस्ट पार्टी सम्मिलित चार दलद्वारा समाजवादी मोर्चा नेपाल घोषणा गरिएको।

– १५ बुँदे साझा उद्देश्य तथा नीतिगत प्रतिबद्धता सार्वजनिक गर्दै मोर्चाको घोषणा गरिएको।

४. कतार र संयुक्त अरब इमिरेट्स (युएई) बिच पुनः कूटनीतिक सम्बन्ध स्थापना कहिले भएको हो ?

➢ सन् २०२३ जुन १९

– सन् २०१७ को जूनमा आतङ्कवादलाई सहयोग पुऱ्याएको र क्षेत्रीय स्तरमा अस्थिरता निम्त्याएको भन्दै साउदी अरब, युएई, बहराइन र इजिप्टले कतारसँगको कूटनीतिक सम्बन्ध तोड्ने घोषणा गरेका थिए। कतारले भने यी आरोपको खण्डन गर्दै आएको थियो।

– यद्यपि, सन् २०२१ मा साउदी अरबलगायत खाडी मुलुकले अलउलमा भएको ४१ औँ खाडी सहकार्य परिषद् शिखर सम्मेलनका क्रममा कतारसँग कूटनीतिक सम्बन्ध पुनर्स्थापनाको घोषणा गरेका थिए तर केही विषयमा सहमति जुट्न नसक्दा यी मुलुक र कतारबिच पूर्ण सामान्यीकरणको प्रक्रियामा ढिलाइ हुन पुगेको।

५. दी मिसेस नेसनल २०२३ को उपाधि जित्ने सुन्दरी को हुन् ?

➢ अनिता यादव

– सो प्रतियोगितामा दीपा थानी फर्स्ट रनर्सअपका साथ बेस्ट पर्सनालिटी र समीक्षा अग्रवाल सेकेन्ड रनर्सअपका साथ मस्ट ट्यालेन्टेड भएका।

– विवाहित महिलालाई चौघेराबाट बाहिर निस्केर स्वावलम्बी बन्न प्रोत्साहित गर्ने तथा तिनमा अन्तर्निहित प्रतिभा उजागर गरी बाहिर ल्याउने उद्देश्यले सो प्रतियोगिता आयोजना गरिएको आयोजक संस्था मिडिया ग्रुप प्रालिले जनाएको।

६. युइएफए नेसन्स लिग-२०२३ को उपाधि जित्न सफल राष्ट्र कुन हो ?

➢ स्पेन

– स्पेनले सन् २०२३ जुन १८ मा क्रोएसियालाई सडनडेथमा ५-४ ले हराएर नेसन्स लिगको उपाधि जितेको। स्पेनले ११ वर्ष पछि अन्तर्राष्ट्रिय फुटबल उपाधि हात पारेको। यसअघि स्पेनले सन् २०१० मा विश्वकप र सन् १९६४, २००८ तथा २०१२ मा युरोपेली च्याम्पियनसिप जितेको थियो।

– क्रोएसिया भने पटक पटक सँघारमा पुगेर पनि अझै पहिलो अन्तर्राष्ट्रिय उपाधिको पर्खाइमा छ। लुका मोड्रिचको क्रोएसिया सन् २०१८ को विश्वकपमा दोस्रो र सन् २०२२ को कतारमा भएको विश्वकपमा तेस्रो भएको थियो।

– नेसन्स लिग-२०२३ मा इटलीले घरेलु टोली नेदरल्यान्ड्सलाई ३-१ ले पराजित गरी तृतीय स्थान हासिल गरेको।

७. हाल विश्वकै सबैभन्दा होच्चो (जीवित) व्यक्ति को हुन् ?

➢ आफसिन स्पाइल घडेरजाडदेह (इरान)

– आफसिनको उचाइ ६५.२४ सेमी रहेको।

– उनको तौल हाल ६.५ केजी रहेको।

८. युरो मुद्रा प्रचलनमा ल्याउने २० औँ राष्ट्र कुन हो ?

➢ क्रोएसिया (सन् २०२३ जनवरी १ देखि)

९. सुखी गाउँ घोषणा गरिएको गाउँ कुन हो ?

➢ घलेगाउँ (लमजुङ)

१०. विश्वमा सबैभन्दा धेरै शरणार्थी बसोबास गर्ने देश टर्किए हो भने सबैभन्दा धेरै शरणार्थी हुन बाध्य भएको देश कुन हो ?

➢ सिरिया

११. राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा कुल जातजातिको सङ्ख्या कति रहेको छ ?

➢ १४२ (जनगणना २०७८ अनुसार कुल भाषाको सङ्ख्या : १२४)

विभिन्न जनगणनामा जाति एवं भाषाको सङ्ख्या

जनगणना	जातजाति सङ्ख्या	भाषा सङ्ख्या
२०४८	६०	३१
२०५८	१०१	९२
२०६८	१२५	१२३
२०७८	१४२	१२४

१२. नेपालको पहिलो महिला प्रदेश सभामुख को हुन् ?

➢ नन्दा गुरुङ

– उहाँ विसं २०७९ माघ १ मा कर्णाली प्रदेशको प्रदेश सभामुखमा निर्वाचित हुनुभएको।

१३. ग्रिसको प्रधानमन्त्रीमा निर्वाचित हुन सफल राजनीतिज्ञ को हुन् ?

– किरियाकोस मित्सोटाकिस (कन्जरभेटिभ न्यु डेमोक्रेसी पार्टी, सन् २०२३ जुन)

१४. पाँचौँ अल्पविकसित राष्ट्रहरूको सम्मेलन कहिले र कहाँ सम्पन्न भएको हो ?

➢ सन् २०२३ मार्च ५-९, दोहा (कतार)

– प्रत्येक दस वर्षमा आयोजना गरिने।

– संयुक्त राष्ट्रसङ्घको तथ्याङ्क अनुसार हाल अल्पविकसित राष्ट्रहरूको सङ्ख्या ४६ रहेको।

– सम्मेलनमा नेपालको तर्फबाट प्रधानमन्त्री पुष्पकमल दाहालद्वारा प्रतिनिधित्व भएको।

– हालसम्म सम्पन्न सम्मेलनहरू

पहिलो – सन् १९८१ (पेरिस)
दोस्रो – सन् १९९० (पेरिस)
तेस्रो – सन् २००१ (ब्रसेल्स)
चौथो – सन् २०११ (इस्तानबुल)

१५. सन् २०२३ मा जेल सजाय सुनाइएका नोबल पुरस्कार विजेता व्यक्ति को हुन् ?

➢ एलेस बालियात्स्की

– सन् २०२२ को नोबल शान्ति पुरस्कार (बेलोरियल (रुस) तथा सेन्टर फर सिभिल लिबर्टिज (युक्रेन) संस्थाहरू सँगै) विजेता बाल्यित्स्कीलाई सन् २०२३ मार्च ३ मा जेल सजाय (१० वर्षका लागि) सुनाइएको।

– सरकार विरोधी गतिविधि गर्ने उद्देश्यका साथ बेलारुसमा अवैध रूपमा पैसा पिठ्याएको आरोप यिनी माथि लागेको।

१६. नेपाल कहिलेदेखि अतिकम विकसित राष्ट्रको सूचीमा रहँदै आएको हो ?

➢ सन् १९७१

– अतिकम विकसित राष्ट्रको सूचीबाट स्तरोन्नतिका लागि तेह्रौँ योजना अवधिदेखि प्रयास हुँदै आएको।

– स्तरोन्नतिका लागि निर्धारित तीन मापदण्डमध्ये नेपालले मानव सम्पत्ति सूचकाङ्क र आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्कको मापदण्ड पूरा गरेको।

– संयुक्त राष्ट्रसङ्घले पछिल्लो पटक सन् २०२१ नोभेम्बरमा गरेको निर्णय अनुसार पाँच वर्षको तयारी अवधि (ग्रेस पिरियड) सहित सन् २०२६ मा नेपाल अतिकम विकसित मुलुकको श्रेणीबाट विकासशील मुलुकमा स्तरोन्नति हुने संशोधित लक्ष्य रहेको।

१७. नेपालसँग दौत्य सम्बन्ध कायम भएको १८१ औँ राष्ट्र कुन हो ?

➢ मार्सल आइल्यान्ड

– नेपाल र मार्सल आइल्यान्डबिच सन् २०२३ जुन २३ मा कूटनीतिक सम्बन्ध कायम भएको।

– त्यसै गरी, नेपालसँग दौत्य सम्बन्ध कायम भएको १८० औँ राष्ट्र अफ्रिकी मुलुक क्यामरुन हो। नेपाल-क्यामरुनबिच सन् २०२३ जुन २२ मा कूटनीतिक सम्बन्ध कायम भएको।

१८. विश्वमा लैङ्गिक उत्तरदायी बजेटको सुरुवात कुन राष्ट्रबाट भएको हो ?

➢ अस्ट्रेलिया

१९. नेपाल युएई श्रम सम्झौता नवीकरण कहिले भएको हो ?

➢ विसं २०८० जेठ ३१ (सन् २०२३ जुन १४)

२०. कोशी प्रदेश साक्षर प्रदेश घोषित कहिले भएको हो ?

➢ विसं २०७९ भाद्र २३

हालसम्म साक्षर घोषित प्रदेश

पहिलो	बागमती	२०७८ आश्विन ११
दोस्रो	गण्डकी	२०७८ आश्विन १४
तेस्रो	कोशी	२०७९ भाद्र २३

२१. आइएफआरसीको महासचिवमा नियुक्त हुन सफल पहिलो नेपाली को हुन् ?

➢ जगन चापागाईं

– उहाँ सन् २०२३ मे १० मा सो पदमा नियुक्त (दोस्रो कार्यकालका लागि) हुनु भएको। उहाँको पहिलो कार्यकाल सन् २०२० फेब्रुअरी ४ मा सुरु भएको थियो।

– आइएफआरसीको पूरा रूप इन्टरनेसनल फेडरेसन अफ रेडक्रस एन्ड रेड क्रेसेन्ट सोसाइटिज रहेको।

– आइएफआरसीको स्थापना सन् १९१९ मे ५ मा भएको।

– यसको मुख्यालय स्विट्जरल्यान्डको जेनेभामा रहेको।

२२. विसं २०७९ पौष ३-६ सम्म काठमाडौँमा सम्पन्न दशौँ नेपाल मानव अधिकार अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा नेपाल पानारोमातर्फ उत्कृष्ट फिक्सन फिल्म बन्न सफल वृत्तचित्र कुन हो ?

➢ फोर नाइट्स (निर्देशक : दीपक रौनियार)

– त्यस्तै, डकुपेन्ट्री विधातर्फ 'आइरन डिगर' (निर्देशक : अनिल बुढाथोकी) उत्कृष्ट घोषित भएको।

– अन्तर्राष्ट्रिय फिक्सन विधातर्फ बङ्गलादेशी निर्देशक जुवोराज सप्तिपको फिल्म 'द इन्भिटिङ्क्ट' एवं ननफिक्सन विधातर्फ फिनल्यान्डका निर्देशक लिरिस हेर्मोको डकुमेन्ट्री 'सेपहर्डस् अफ द अर्थ' उत्कृष्ट घोषित भएका।

– प्रत्येक विधामा उत्कृष्ट बन्न सफल फिल्मलाई अवार्डसहित ५०/५० हजार रुपियाँ नगद राशि प्रदान गरिएको।

– महोत्सवमा २५ देशका ६४ फिल्म प्रदर्शन गरिएको।

२३. विश्व वातावरण दिवस कहिले मनाउने गरिन्छ ?

➢ जुन ५

– सन् २०२३ मा बिट प्लास्टिक पोलुसन भन्ने नाराका साथ मनाइएको।

– वातापरणसम्बन्धी स्टकहोम सम्मेलन, १९७२ ले तय गरेको नारा 'ओन्ली अन अर्थ' लाई ५० वर्षपछि आएर फेरि पुनर्जागृत गर्नुले ब्रह्माण्डमै जीवन जिउन योग्य एक मात्र ग्रह पृथ्वीको वैशिष्ट्य र यसको संरक्षणमा प्रतिकूल विद्यमान मानवीय क्रियाकलापलाई सुधार गर्नुपर्ने अपरिहार्यतालाई थप उजागर गरेको।

– सन् १९७३ देखि यो दिवस मनाउँदै आइएको।

२४. विश्वको सबैभन्दा ठुलो जलविद्युत् आयोजना कुन हो ?

➢ थ्री गर्जेज (चीन)

(चीनको याङ्जे नदीमा निर्मित यस जलविद्युत् उत्पादन केन्द्रको विद्युत् उत्पादन क्षमता २२,५०० मेगावाट रहेको छ। विश्वको दोस्रो ठुलो जलविद्युत् आयोजना ब्राजिल र पारागुवेको सिमानामा बग्ने पराना नदीमा निर्मित इटाइपी हाइड्रोइलेक्ट्रिक पावर प्लान्ट (१४,००० मे.वा.) हो।)

प्रस्तुतकर्ता : टङ्क कंसी

विषयगत प्रश्नोत्तर

सूचनाको हक कार्यान्वयनमा सार्वजनिक निकाय

१. सूचनाको हक भन्नाले के बुझ्नुहुन्छ ? सार्वजनिक निकायबाट सूचना प्रवाह गर्न नमिल्ने विषयहरू उल्लेख गर्दै सूचनाको हक कार्यान्वयनमा सार्वजनिक निकायको दायित्व प्रस्ट पार्नुहोस् ।

➢ सार्वजनिक निकायमा रहेको सार्वजनिक सरोकारको विषयको सूचना माग्ने र पाउने अधिकार नै सूचनाको हक हो। नेपाली नागरिकको मौलिक हकको रूपमा रहेको सूचनाको हकले देहायका अधिकार समेतलाई जनाउँदछ :

– सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा निकायको काम कारबाहीको अध्ययन वा अवलोकन गर्ने,
– लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने,
– सार्वजनिक महत्त्वको निर्माण कार्यस्थलको भ्रमण र अवलोकन गर्ने,
– कुनै सामग्रीको प्रमाणित नमुना लिने, वा
– कुनै यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत प्राप्त गर्ने।

सार्वजनिक निकायबाट सूचना प्रवाह गर्न नमिल्ने विषयहरू

– नेपाली नागरिकको सूचनाको हक प्रचलन गराउने सन्दर्भमा सार्वजनिक निकायले देहायका विषयबाहेक अन्य विषयका सूचना मात्र प्रवाह गर्न सक्दछन् :
– नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था र अन्तर्राष्ट्रिय सम्बन्धलाई खल्बल्याउने विषय,
– अपराधको अनुसन्धान, तहकिकात र अभियोजन गर्ने कार्यलाई प्रभावित गर्ने विषय,
– आर्थिक, व्यापारिक तथा पौद्रिक हितमा आघात पार्ने विषय,
– बौद्धिक सम्पत्तिको संरक्षण वा बेड्किड वा व्यापारिक गोपनीयतामा गम्भीर असर पार्ने विषय,
– जातीय वा साम्प्रदायिक द्वन्द्वलाई प्रश्रय दिने विषय,
– व्यक्तिको गोपनीयता र व्यक्तिको जिउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने विषय।

सार्वजनिक निकायको भूमिका

– प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गराउन देहायका भूमिका निर्वाह गर्नु पर्दछ :
– सूचनाको वर्गीकरण र अद्यावधिक गर्ने,
– समय समयमा सूचना सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने। यस्तो काम राष्ट्रिय भाषा वा आमसञ्चारका माध्यमबाट गर्न सकिन्छ।
– सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने,
– आफ्नो काम कारबाही खुला र पारदर्शी रूपमा गर्ने,
– आफ्ना कर्मचारीका लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्ने।

अन्त्यमा, सूचनाको हकले सार्वजनिक निकायमा रहेका सूचनामा नेपाली नागरिकको पहुँचलाई सुनिश्चित गरेको छ। सूचनाको हकसम्बन्धी कानुनबाट सार्वजनिक निकायको दायित्व निर्धारण गरी राज्यलाई नागरिकको सुसूचित हुने हक कार्यान्वयनमा जिम्मेवार र जवाफदेही बनाइएको छ।

२. प्रदेश सभाको परिचय दिँदै नेपालको संविधानमा व्यवस्था भए अनुसार प्रदेश सभा गठन प्रक्रिया उल्लेख गर्नुहोस् ।

➢ प्रदेश सभा, प्रदेश सरकारको व्यवस्थापिकीय अङ्ग हो। यो एक सदनात्मक सभा हो। नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने भन्ने व्यवस्था गरेपश्चात् प्रत्येक प्रदेशमा प्रदेश सभाहरू गठन भई क्रियाशील रहँदै आएका छन्। संविधानको धारा १७६ मा प्रदेश सभा गठन सम्बन्धमा निम्न व्यवस्था रहेको छ :

प्रदेश सभा गठन प्रक्रिया

– सम्बन्धित प्रदेशबाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने सदस्य सङ्ख्याको दोब्बर सङ्ख्यामा सदस्यहरू पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित भई आउने र यो सङ्ख्या प्रदेश सभाको कुल सदस्य सङ्ख्याको साठी प्रतिशत हुने तथा बाँकी चालीस प्रतिशतमा समानुपातिक निर्वाचन प्रणालीबाट सदस्य निर्वाचित भई आउने,
– पहिलो हुने निर्वाचित हुने प्रणाली र समानुपातिक प्रणालीबाट निर्वाचित भएर आउने सदस्यहरूबाट प्रदेश सभा गठन हुने,
– बालिग मताधिकार र गोप्य मतदानको आधारमा प्रदेश सदस्यहरू निर्वाचित हुने,
– प्रदेश सभामा प्रत्येक राजनीतिक दलबाट अनिवार्य रूपमा कम्तीमा एक तिहाई महिला सदस्य निर्वाचित हुनुपर्ने,
– पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट स्वतन्त्र उम्मेदवार पनि निर्वाचित भई आउन सक्ने तर समानुपातिक प्रणालीबाट निर्वाचित हुने चालीस प्रतिशत सदस्य कुनै न कुनै दलको उम्मेदवारको रूपमा निर्वाचित भई आउनुपर्ने अवस्था रहेको छ।

यसरी सम्बन्धित प्रदेशबाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम निर्वाचित सदस्य सङ्ख्यालाई नै प्रदेश सभामा रहने कुल सदस्य सङ्ख्या निर्धारण गर्ने मुख्य आधारको रूपमा लिएको देखिन्छ।

३. कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन भन्नाले के बुझ्नुहुन्छ ? कार्यसम्पादन मूल्याङ्कन गर्दा सुपरिवेक्षकले लिने प्रमुख आधार उल्लेख गर्नुहोस् ।

➢ तोकिएको जिम्मेवारी अनुसार कर्मचारीले कार्यसम्पादन गरे/नगरेको मापन र मूल्याङ्कन गर्ने कार्य नै कार्यसम्पादन मूल्याङ्कन हो। निर्धारित जिम्मेवारी सम्पादन गर्दाको लागत, समय, परिमाण, गुणस्तर, नागरिक सन्तुष्टि आदिका आधारमा सङ्गठनले कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दछ। यसलाई सङ्गठनले कर्मचारी सुपरीवेक्षणको औजारको रूपमा उपयोग गर्दछ। कार्यसम्पादन मूल्याङ्कनलाई वृत्ति विकाससँग जोडिने भएकोले कर्मचारीका लागि यो वृत्ति उन्नयनको माध्यम पनि हो। निजामती सेवा ऐन र नियमावलीले निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनलाई बढुवाको प्रमुख आधारको रूपमा लिएको देखिन्छ। कार्यसम्पादन मूल्याङ्कनमा सुपरिवेक्षकको भूमिकालाई महत्त्वपूर्ण मानिएको छ।

कार्यसम्पादन मूल्याङ्कन गर्दा सुपरिवेक्षकले लिने आधारहरू

– बिदा स्वीकृत नगराई वा बिदाको आवेदन नदिई लगातार तीस दिनभन्दा बढी अनुपस्थित भए, नभएको,
– नसिहत पाएको वा ग्रेड रोक्का वा बढुवा रोक्काको सजाय पाए, नपाएको,
– पेस्की लिएको रकम काबु बाहिरको परिस्थिति प्रमाणित भए बेगर छ महिना भित्र फर्स्यौट गरे, नगरेको,
– कार्यालय/आयोजना/विभागीय प्रमुखले वर्षभरि पचास प्रतिशत लक्ष्य पूरा गर्न वा नतिजा हासिल गर्न सके, नसकेको,
– कार्यालय प्रमुखबाहेकका कर्मचारीले वार्षिक लक्ष्यको पचास प्रतिशत लक्ष्य हासिल गर्न सके, नसकेको,
– निजामती कर्मचारीले अनुशासनहीन काम गरेको कुनै प्रमाण भए, नभएको,

यसरी, निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनमा सुपरिवेक्षकलाई बढी जिम्मेवार बनाई कार्यसम्पादन मूल्याङ्कनका आधारहरू निर्धारण गरिएको छ। कर्मचारीले सेवाग्राहीप्रति प्रदर्शन गर्ने व्यवहारलाई कार्यसम्पादन मूल्याङ्कनसँग जोड्ने कुनै आधार निर्धारण नगरिनु तथा सेवाग्राहीबाट समेत कामको मूल्याङ्कन गर्ने परिपाटी स्थापित नहुँदासम्म निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनबाट सङ्गठनले लाभ लिन सक्ने अवस्था नरहने भएकोले यसतर्फ नीति निर्माताको ध्यान जान जरुरी छ।

४. निजामती सेवाका कर्मचारीको आचरणसम्बन्धी नियमावली, २०६५ बमोजिम कर्मचारीको पेसागत आचरणसम्बन्धी व्यवस्था उल्लेख गर्नुहोस् ।

➢ सरकारका नीतिहरू कार्यान्वयन गरी नागरिकलाई सरकारको उपस्थितिको आभाष दिलाउन सरकारद्वारा गठन गरिएको सेवा नै निजामती सेवा हो। यस सेवामा आबद्ध भएकाहरू सरकारी कोषबाट पारिश्रमिक लिई सरकारद्वारा तोकिएको स्थान र पदमा रही सेवा दिन तयार हुन्छन्। राष्ट्र र जनताको सेवालाई आफ्नो पेसा ठानी आफ्नो जीवनको अधिकांश समय सेवामा समर्पण गर्ने निजामती कर्मचारीका आचरणहरू कानुनद्वारा व्यवस्थित गरिएको पाइन्छ।

– निजामती सेवाका कर्मचारीको आचरणसम्बन्धी नियमावली, २०६५ ले निजामती कर्मचारीका पदीय, पेसागत र व्यक्तिगत आचरणहरू निर्धारण गरेको छ। जसअनुसार निजामती कर्मचारीका पेसागत आचारणहरू यस प्रकार छन् :

क) कानुनको जानकारी र पालना
– आफ्नो कामसँग सम्बन्धित सबै कानुनको जानकारी राख्नुपर्ने,
– प्रचलित कानुन, अदालतको निर्णय वा आदेश, संवैधानिक निकाय र नेपाल सरकारको निर्णयको सदैव पालना गर्नुपर्ने,

ख) पेसाको सम्मान
– आफ्नो पेसाको सम्मान गर्ने,
– पेसालाई प्रतिष्ठापूर्ण र मर्यादित बनाउन प्रयत्नशील रहने,
– सेवाग्राही वा जनतामा निजामती सेवाप्रति नकारात्मक भावना विकास गराउन कुनै कुरा गर्न वा सूचना प्रवाह गर्न नहुने,

ग) आफ्नो क्षमता विकासमा प्रयत्न,
– आफ्नो सुम्पिएको जिम्मेवारीसँगै पेशागत क्षमता विकासमा प्रयत्नशील रहने,

घ) पेसागत अनुमतिपत्र पालना
– पदीय कर्तव्य पालना गर्दा कुनै अनुमतिपत्र लिनुपर्ने अवस्थामा त्यस्तो अनुमतिपत्रका सर्तहरू पालना गर्नुपर्ने,

ङ) गुणस्तरीय कार्यसम्पादन
– सुम्पिएको जिम्मेवारी इमानदारीतापूर्वक र क्षमतालेभ्याएसम्म गुणस्तरीय ढङ्गले सम्पादन गर्नुपर्ने,
– आफूले सम्पादन गरेका कामको जिम्मेवारी लिनुपर्ने,
– राय सल्लाह दिँदा इमानदारिता र निष्पक्षतापूर्वक कानुनसम्मत हुने गरी दिनुपर्ने,

च) व्यावसायिक मापदण्डको पालना,
– आफ्नो पेसा वा कामसँग सम्बन्धित नैतिक मापदण्डको पालना गर्ने,

छ) निर्देशनको पालना,
– सरकारी वा कार्यालयको कामका सम्बन्धमा आफूभन्दा माथिको कर्मचारीको निर्देशनको शीघ्र पालना गर्नुपर्ने,

ज) आर्थिक अनुशासन र सदाचारिता,
– आफ्ना काम कारबाही पितव्ययी र किफायतीपूर्वक गर्नुपर्ने,
– आफू र परिवारबाट समेत सरकारी कोष, सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना, बेवास्ता, दुरुपयोग गर्न गराउन नहुने,
– सरकारी वा सार्वजनिक सम्पत्तिको अनधिकृत रूपमा कुनै राजनीतिक दल वा दलको भातृसङ्गठन वा भातृसङ्गठनका कार्यक्रमका लागि प्रयोग गर्न दिनु हुँदैन,

सरकारी कोषको सञ्चालन एवं कानुनप्रदत्त अधिकारको प्रयोग गरी अधिकतम नागरिक हितको लागि काम गर्नुपर्ने जिम्मेवारीमा रहेका कर्मचारीबाट नागरिकमैत्री व्यवहारको अपेक्षा गरिन्छ। निजामती कर्मचारीबाट माथि उल्लिखित पेसागत आचारणको पालना गरेमा मात्र नागरिकको हितको अधिक प्रवर्धन हुन सक्दछ।

५. वित्तीय समानीकरण अनुदानको परिचय दिँदै प्रदेश सरकारहरूलाई कार्यसम्पादनमा आधारित वित्तीय समानीकरण अनुदान प्रदान गर्न तय गरिएका सूचकहरू जानकारी गराउनुहोस् ।

➢ प्रदेश तथा स्थानीय सरकारको खर्च आवश्यकता र राजस्व क्षमताबिचको अन्तरलाई न्यूनीकरण गर्नका लागि उपलब्ध गराइने वित्तीय स्रोतलाई वित्तीय समानीकरण अनुदान भनिन्छ। नेपालको सङ्घीय संरचनामा खर्च जिम्मेवारीको विकेन्द्रीकरण र राजस्वका स्रोतहरूको केन्द्रीकरण भएका कारण तल्ला तहका सङ्घीय एकाइहरूमा खर्चको आवश्यकता र राजस्व क्षमताबिचको अन्तर फराकिलो रहेको पाइन्छ। उक्त वित्तीय खाडल न्यूनीकरण गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा सङ्घबाट प्रदेश तथा स्थानीय तहमा र प्रदेशबाट प्रदेशभित्रका स्थानीय तहहरूमा वित्तीय समानीकरण अनुदान उपलब्ध गराउने संवैधानिक व्यवस्था रहेको छ। आयोगले वित्तीय समानीकरण अनुदानलाई न्यूनतम, सूत्रमा आधारित र कार्यसम्पादनमा आधारित गरी तीन प्रकारमा विभाजन गरेको छ। प्रदेश सरकारलाई कार्यसम्पादनमा आधारित अनुदान प्रदान गर्न तय गरिएका एघार प्रकारका कार्यसम्पादन सूचकहरू निम्नानुसार छन् :

– गत आवभन्दा अघिल्लो आवको अन्तिम लेखापरीक्षणबाट औँल्याएको बेरुजुको अवस्था,
– प्रदेशले स्थानीय तहमा प्रदेश कानुनबमोजिम ससर्त अनुदान आयोगले तोकेको आधारमा लागु गरी प्रदान गरे/नगरेको,
– सवारी साधन करबापतको रकम प्रदेशले मासिक रूपमा स्थानीय तहको सञ्चित कोषमा जम्मा गरे/नगरेको,
– गत आवको विनियोजित रकममा खर्चको अवस्था -कुल र पुँजीगत),
– आफ्नो अधिकार क्षेत्रभित्र राजस्व परिचालनको अवस्था (प्रक्षेपणको तुलनामा सङ्कलन र अघिल्लो आवको तुलनामा सङ्कलन),
– स्थानीय तहलाई वित्तीय समानीकरण अनुदानको अनुपानित विवरण चैत्र मसान्तभित्र उपलब्ध गराएको /नगराएको,
– आगामी आवको आय व्ययको प्रक्षेपण पुष मसान्तभित्रमा सङ्घीय अर्थ मन्त्रालयमा पेस गरे/नगरेको,
– बजेटको वार्षिक समीक्षा गरी सोको विवरण कात्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको,
– प्रदेश तहको वायु गुणस्तर सूचकाङ्क,
– प्रदेश तहमा व्यवस्थित बनेले ढाकेको क्षेत्रफलमा भएको वृद्धि अनुपात,
– आयोगले सञ्चालन गरेको विद्युतीय पोर्टलमा विवरण अध्यावधिक गरे/नगरेको।

उल्लिखित सूचकको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्ने र त्यसलाई अनुदानसँग आबद्ध गर्ने व्यवस्थाले वित्तीय हस्तान्तरणलाई नतिजामा आधारित बनाउन सहयोग पुऱ्याउँछ। यस प्रकारको अनुदानले कार्यसम्पादनको स्तर उच्च हुने प्रदेशलाई थप वित्तीय प्रोत्साहन प्राप्त गर्न सहयोग पुऱ्याउँछ।

६. नेपालका भ्रष्टाचार नियन्त्रणमा क्रियाशील सरकारी निकाय र तिनको प्रमुख भूमिका उल्लेख गर्नुहोस् ।

➢ सार्वजनिक स्रोत, साधन र शक्ति व्यक्तिगत हितमा प्रयोग गर्नु भ्रष्टाचार हो। यो विकास, समृद्धि र सुशासनको बाधक तत्त्व हो। भ्रष्टाचार निवारण गर्नु सरकार, सरकारबाहिरका निकाय र आमनागरिक सबैको दायित्व हो। भ्रष्टाचारविरुद्ध सचेतना जगाउने, भ्रष्टाचार र अनियमितता माथि छानबिन, अनुसन्धान, एवं अभियोजन गर्ने र अन्तिम फैसला गरी भ्रष्टाचार न्यूनीकरणमा सहयोग गर्न नेपालमा विभिन्न सरकारी निकाय क्रियाशील रहेका छन्। ती निकाय र तिनका प्रमुख कार्यलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ :

क) अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचारसम्बन्धी उजुरी छानबिन, अनुसन्धान र अभियोजन गर्ने।

ख) महालेखा परीक्षक लेखापरीक्षणको माध्यमबाट सरकारी निकायमा भएको अनियमितता सार्वजनिक जानकारीमा ल्याउने।

ग) संसदीय समितिहरू संसदमा पेस भएका उजुरी र संवैधानिक निकायले औँल्याएका अनियमितता हेरी सरकारलाई निर्देशन दिने।

घ) न्याय परिषद् न्यायक्षेत्रको भ्रष्टाचारको छानबिन गरी कारबाही गर्ने।

ङ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मन्त्रालयहरूबाट हुन सक्ने अनियमितता रोक्न अनुगमन र निगरानी गर्ने।

च) विशेष अदालत भ्रष्टाचार मुद्दाको न्यायिक निर्णय गर्ने।

छ) राष्ट्रिय सतर्कता केन्द्र भ्रष्टाचार नियन्त्रण गर्न सचेतना जगाउने।

ज) महालेखा नियन्त्रक कार्यालय सरकारी आम्दानी र खर्चको लेखा नियन्त्रण गर्ने तथा आन्तरिक लेखा परीक्षण गरी सुधारका लागि सुझाव दिने।

झ) सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग भ्रष्टाचारलगायत गैरकानुनी कार्यबाट कमाएको सम्पत्ति शुद्धीकरण प्रयासको अनुसन्धान र अभियोजन गर्ने।

ञ) मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय प्रदेश मन्त्रालयहरूबाट हुन सक्ने अनियमितता रोक्न अनुगमन र निगरानी गर्ने।

ट) जिल्ला प्रशासन कार्यालय भ्रष्टाचारसम्बन्धी उजुरीहरूको छानबिन तथा आवश्यक कारबाही गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सहयोग गर्ने।

प्रस्तुतकर्ता : अर्जुन शर्मा